चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा नगर कार्यपालिकाको कार्यालय चैनपुर, संखुवासभा कोशी प्रदेश, नेपाल

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ११

मिति-२०८१।१०।१८ गते शुक्रवार

बैठक प्रारम्भ- दिनको ३:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरू गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्ति बहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ्ग | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सदस्य-सचिव | श्री कमल गौतम | |

चैनपुर नगरपालिका कार्यालय
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश, नेपाल
स्था. २०७१

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ११

मिति-२०८१।१०।१८ गते शुक्रवार

बैठक प्रारम्भ- दिनको ३:०० बजे

**प्रस्तावहरुः**

१ हिउँदे सभा सम्बन्धमा।

२ मतदाता नामावली दर्ता, केन्द्र संसोधन सम्बन्धमा।

३ सिद्धपोखरी स्वास्थ्य चौकी भवन उद्घाटन खर्च सम्बन्धमा।

४ अध्ययन बिदा सम्बन्धमा।

५ वडा नं. ५ लाई बालमैत्री स्थानीय शासन पुर्व तयारी कार्यक्रम सम्बन्धमा।

६ नगरपालिका स्थापना दिवस सम्बन्धमा।

७ सार्वजनिक लेखा समितिको पुनर्गठन सम्बन्धमा।

८ विविध सम्बन्धमा।

- क. सि.वि.आरफ. लाई फिल्डको लागि इन्धन सञ्चार खर्च सम्बन्धमा।
- ख. वडा नं. ८ र ११ को नयाँ भवन उद्घाटन तयारी खर्च सम्बन्धमा।
- ग. राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगमा योजना सिफारिस सम्बन्धमा।
- घ. विभिन्न आर्थिक सहायता सम्बन्धमा।
- ङ. कृषि जैविक विविधता तथा विउ वैंक सुदृढीकरण कार्यक्रम सम्बन्धमा।
- च. त्रिदेवी आ.वि. जग्गा सम्बन्धमा।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ११

मिति-२०८१।१०।१८ गते शुक्रवार

बैठक प्रारम्भ- दिनको ३:०० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको आ.व. २०८१।०८२ को हिउँदे अधिवेशको (१६औं नगर सभा) मिति २०८१।१०।२२ गते मंगलबार बिहान ९ बजे आव्हान गर्ने निर्णय गरियो साथै उक्त नगर सभाको तयारीको लागि मिति २०८१।१०।१९ र २० गते विषयगत समिति र वडा समितिको बैठक सम्पन्न गरी मिति २०८१।१०।२१ गते बिहान ८ बजे कार्यपालिकाको बैठक गर्ने निर्णय गरियो।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा स्थानीय तहबाट मतदाता नामावली नाम दर्ता तथा अद्यावधिक कार्यविधी २०८१ दफा ३ बमोजिम चैनपुर नगरपालिकाबाट मतदाता नामावली नाम दर्ता तथा अद्यावधिक गर्न अनुमति माग गर्न जिल्ला निर्वाचन कार्यालय संखुवासभा च.नं. ५४, मिति २०८१।०९।२४ को पत्रबाट जानकारी प्राप्त गराएको हुँदा कार्यविधिको दफा ४ बमोजिम अनुमतिको लागि जिल्ला निर्वाचन कार्यालय संखुवासभा मार्फत निर्वाचन आयोगमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं. ४ स्थित सिद्धपोखरी स्वास्थ्य चौकी भवन उद्घाटन खर्चलाई विविध खर्च शिर्षकबाट रु पचाँस हजार भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य समन्वय महाशाखा) को पत्र संख्या २०८१।८२,च.नं. ५४८ र मिति २०८१।०९।२६ गतेको पत्रानुसार चैनपुर नगरपालिकामा कार्यरत श्री लक्ष्मी प्रसाद वनेम लिम्बु (क.सं.नं. २२५५२५) जनस्वास्थ्य निरिक्षक (छैठौं तह) लाई नेपाल सरकार (सचिव स्तर) को मिति २०८१।०९।२३ गतेको निर्णयानुसार चिकित्सा शिक्षा आयोगको शैक्षिक वर्ष २०८१।०८२ को स्नातक तह अध्ययनका लागि म्याचिङ भई राजर्षि जनक विश्वविद्यालय क्याम्पस, जनकपुरमा संचालन हुने BPH शैक्षिक कार्यक्रममा अध्ययन गर्नको लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२ (क) बमोजिम मनोनयन गरिएको हँदा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२० को उपदफा (१), (२) र (४) बमोजिमको अध्ययन विदा ऐनको दफा १२४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ उपर छलफल गर्दा बालमैत्री स्थानीय शासन सम्बन्ध आवश्यक कानून बनाई वडा नं. ५ मा बालमैत्री स्थानीय शासनको पुर्व तयारीको कार्यक्रम अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको स्थापना दिवस मिति २०८२ साल बैशाख २३, २४ र २५ गते मनाउने निर्णय गरियो साथै आवश्यक स्रोतको प्रबन्धनको लागि १६ औं हिउँदे सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको सार्वजनिक लेखा समतिको सदस्य सचिव चैनपुर नगरपालिकाको लेखा अधिकृत श्री दिपेन्द्र चौलागाईलाइ तोक्ने निर्णय गरियो।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ का विविध विषयहरुमा छलफल गरी निम्नानुसार निर्णय गरियो।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ११

मिति-२०८१।१०।१८ गते शुक्रवार

बैठक प्रारम्भ- दिनको ३:०० बजे

क) सि.वि.आर.फ मा कार्यरत कर्मचारीहरुलाई फिल्ड जाँदा लाग्ने यातायात खर्च र समन्वयको लागि चाहिने सञ्चार खर्च कार्यसम्पन्न प्रतिवेदन र लगवुकका आधारमा नियमानुसार प्रदान गर्ने निर्णय गरियो।

ख) चैनपुर नगरपालिका वडा नं. ८ र ११ को नयाँ भवन उद्घाटन तथा कार्यालय व्यवस्थापनमा लाग्ने खर्च लागत अनुमान अनुसार भुक्तानी गर्ने निर्णय गरियो।

ग) प्रदेश योजना आयोग र राष्ट्रिय योजना आयोगमा समपुरक तथा विशेष अनुदान तर्फका तपसिल अनुसारका योजनाहरु माग गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | रकम (रु) | अनुदान | निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | खगाङ हात्तिसुढे पिलुवा दोभान सडक कालोपत्रे | रु ७ करोड | संघ समपुरक | राष्ट्रिय योजना आयोग | |
| २ | चैनपुर बाहबिसे सडक चैनपुर हेवा खोला खण्ड कालोपत्रे | रु ७ करोड | संघ समपुरक | राष्ट्रिय योजना आयोग | क्रमागत |
| ३ | चैनपुर रातमाटे बर्रे मावादिन सडक स्तर बृद्धि | रु ७ करोड | संघ समपुरक | राष्ट्रिय योजना आयोग | |
| ४ | खगाङ स्वास्थ्य चौकी भवन | रु ३ करोड | संघ विशेष | राष्ट्रिय योजना आयोग | |
| ५ | चैनपुर बाली भण्डारण तथा चिस्यान केन्द्र स्थापना | रु ३ करोड | संघ विशेष | राष्ट्रिय योजना आयोग | |
| ६ | पोखरी मैदाने हुँदै पाँचखपन जोड्ने सडक तल्लो | रु २ करोड | प्रदेश समपुरक | प्रदेश योजना आयोग | क्रमागत |
| ७ | लोहाकोट देखि सालडाँडा सडक स्तरबृद्धि | रु २ करोड | प्रदेश समपुरक | प्रदेश योजना आयोग | |
| ८ | मेजर पाटी पुनर्निर्माण | रु २ करोड | प्रदेश विशेष | प्रदेश योजना आयोग | |
| ९ | भण्डारी मोड देखि ९ नं. वडा कार्यालय थालेडाँडा सडक स्तरबृद्धि | रु २ करोड | प्रदेश समपुरक | प्रदेश योजना आयोग | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पोखरी देखी थामपोखरी पर्यटकीय लालिगुराँस मार्ग | रु २ करोड | प्रदेश समपुरक | प्रदेश योजना आयोग | |
| ११ | आधारभूत स्वास्थ्य चौकी देखी पुरानो चैनपुर हुँदै मादि रामवेनी जाने सडक | रु २ करोड | प्रदेश समपुरक | प्रदेश योजना आयोग | |
| १२ | पोखरी फोहोरमैला व्यवस्थापन | रु २ करोड | प्रदेश विशेष | प्रदेश योजना आयोग | |
| १३ | गढी पार्क | रु २ करोड | प्रदेश विशेष | प्रदेश योजना आयोग | |
| १४ | सेल्फी डाँडा पार्क | रु २ करोड | प्रदेश विशेष | प्रदेश योजना आयोग | |
| १५ | सरस्वती मा.वी मैदाने छात्रवास | रु २ करोड | प्रदेश विशेष | प्रदेश योजना आयोग | |

घ. विभिन्न संघसंस्था तथा व्यक्तिद्वारा कार्यपालिकामा प्राप्त सहायता माग सम्बन्धी निवेदन उपर छलफल गर्दा देहाय बमोजिमको निर्णय गरियो।

| क्र. सं. | संघ/संस्था/व्यक्ति | सहायता रकम/जिन्सी | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| १ | विशेष नापी | आवश्यक फर्निचर | नापी अभियान | |
| २ | सविना दाहाल, चैनपुर-११ | रु २५,०००।- | टाईप-१ DM | अभिभावकको खातामा हस्तान्तरण |
| ३ | पदम केशर खत्री, चैनपुर-९ | रु ११,०००।- | आगलागी पिडित | |
| ४ | चन्द्र माया लिम्बु, चैनपुर-७ | रु १५,०००।- | लिभर फेल तथा जण्डिस पिडित | डाक्टरको रिपोर्ट पेश भएको आधारमा मात्र उपलब्ध गराउने। |
| ५ | चित्रविर दर्जी, चैनपुर-३ | रु १०,०००।- | शव ढुवानी | |

ङ. कृषि जैविक विविधता तथा विउ बैंक सुदृढिकरण कार्यक्रम चैनपुर नगरपालिका वडा नं. १० को मनकामना साना किसान सहकारी संस्था लिमिटेडलाई दिने निर्णय गरियो।

च. श्री त्रिदेवी आधारभूत विद्यालय, मयमको माग निवेदन अनुसार साविक सिद्धकाली ४ बस्ने डम्बर बहादुर विश्वकर्माको छोरा उदय चन्द्र विश्वकर्माको नाममा दर्ता कायम रहेको कि.नं. ५२६ बाट ६०७.४९ वर्गमिटर १-३-०-१-६१

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ११

मिति-२०८१।१०।१८ गते शुक्रवार

बैठक प्रारम्भ- दिनको ३:०० बजे

रोपनी र कि.नं. ५२७ बाट ५३३.०५ वर्गमिटर १-०-३-०.२४ रोपनी गरी जम्मा ११४०.५४ वर्गमिटर २.३.३.१९३ रोपनी जग्गा उक्त विद्यालयलाई निशुल्क जग्गा दान दिने भएकाले नियमानुसार जग्गा रजिष्ट्रेशन शुल्क निशुल्क गरि जग्गा रजिष्ट्रेशन पासको प्रक्रिया अगाडी बढाईदिनु हुन सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरियो।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक बेलुका ५:३० बजे यही अन्त्य गरियो।